## छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था

**५९. निजी लगानीका विद्यालय सेवामूलक हुने :**

१. निजी लगानीका विद्यालयले प्रारम्भिक बाल विकास तथा शिक्षा र आधारभूत शिक्षा सेवामूलक तथा लोक कल्याणकारी हुने गरी सञ्चालन गर्नु पर्नेछ ।

२. निजी लगानीका विद्यालयलाई सेवामूलक र लोक कल्याणकारी बनाउने सम्बन्धी विस्तृत व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले देहाय बमोजिम निःशुल्क छात्रवृति प्रदान गर्नु पर्नेछ ।

(क) पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत ।

(ख) पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा बाह प्रतिशत ।

(ग) आठ सयभन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयले कम्तीमा पन्ध्र प्रतिशत ।

४. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै विद्यालयले उपलब्ध गराउँदै आएको छात्रवृत्रि घटाउन पाइने छैन ।

५. उपदफा (२) बमोजिम आरक्षित छात्रवृति कोटामा तोकिएका समूहबीचको प्रतिस्पर्धाको आधारमा पारदर्शी छनौट विधि अवलम्बन गरी छात्रवृति प्रदान गर्नु पर्नेछ ।

६ . उपदफा (१) मा आरक्षित छात्रवृति कोटामा निम्ति छनौट भई भर्ना भएका विद्यार्थीहरूलाई निजी लगानीका विद्यालयले मासिक शुल्क पूर्ण रुपमा छुट दिनु पर्नेछ ।

७. उपदफा (१) बमोजिम आरक्षित छात्रवृति कोटामा छनौट भई तोकिए बमोजिमको सुविधा प्राप्त गरेका विद्यार्थीलाई सो विद्यालयमा अध्ययनरत रहँदासम्म निजले प्राप्त गरेको न्यूनतम शैक्षिक उपलब्धिका आधारमा निरन्तरता प्रदान गरिनेछ ।

८. छात्रवृति कोटा निर्धारण विद्यालयले भरेको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गरेको विद्यार्थी संख्याका आधारमा गरिनेछ । छात्रवृतिमा छनौटको प्रक्रिया तोकिए बमोजिमको छात्रवृति समितिले निर्धारण गरेको प्रक्रियाका आधारमा गरिनेछ । नगर छात्रवृति व्यवस्थापन समितिको अनुगमनका आधारमा छनौटमा परेका विद्यार्थीलाई छात्रवृति प्रदान नगर्ने विद्याललाई तोकिए बमोजिम कारबाही गरिनेछ ।

**६०. नामावली सार्बजनिक गर्नुपर्ने :** (१) दफा ५८ बमोजिम छात्रवृति उपलब्ध गराइएका बिद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी र विद्यालयको वेबसाईट भएमा त्यसमा राखी सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो विवरण सम्बन्धित वडा कार्यालय र नगर शिक्षा महाशाखामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनुपर्नेछ ।

**६१. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :** (१) सबै अभिभावकले पाँच वर्ष पुरा भएका बाल.बालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा सम्बन्धित शिक्षा समिति, स्रोत व्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ।

(४) उपदफा (३) वमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई स्थानीय तहवाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिनेछ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ।

(६) विद्यालय जाने उमेर समूहका वालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ।

**६२. अनौपचारिक शिक्षा :**

(१) विद्यालयमा भर्ना भई शिक्षा हासिल गर्न नसकेकाव्यक्तिलाई देहाय बमोजिम अनौपचारिक शिक्षा दिन सकिनेछ :-

(क) आधारभूत प्रौढ साक्षरता शिक्षा

(ख) साक्षरोत्तर शिक्षा

(ग) निरन्तर शिक्षा

(घ) वैकल्पिक शैक्षिक कार्यक्रम

(२) उपदफा (१) बमोजिम दिइने अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत भए बमोजिम हुनेछ।

(३) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।